

# सङ्घर्षशील नारी
# पवित्रा निरौला खरेल



– तारा गाउँले

झमक्क ठुलो साँझ परिसकेको थियो । मेरो घरछेउको ठुलो कच्ची बाटोबाट दाउराको भारी बोकेर हिँड्ने शिवगञ्ज क्षेत्रका राजवंशी र सन्थाल जातिका गरिब गाउँले र तल डाँडा गाउँका सुकुम्बासी बस्तीका मानिसहरू पनि आफ्नो झुप्रोभित्र छिरिसकेका थिए ।

कुरा पञ्चायती शासन कालको हो । त्यसताका म पनि झापाको झिल्झिले भन्दा दुई किलोमिटर दक्षिण बेलडाँगी भन्ने गाउँबाट जागिर खानको लागि चन्द्रगढी धाउने गर्थे । यति लामो बाटो सार्वजनिक यातायात चढेर दिनहुँ आउन जान सजिलो थिएन, बाध्यता थियो ।

भर्खर अफिसबाट घर आएर टुसुक्क बसेको मात्र के थिएँ । अँध्यारोमा भूमिगत कमरेड (विश्व बराल) विरोध टुप्लुक्क आइपुग्नुभयो । उहाँसँग अर्को एकजना महिला कमरेड पनि हुनुहुन्थ्यो । उहाँहरू दुबैले कसिलो हात मिलाउनु भयो ।

बान्की पारेको अनुहार गोरी बाहुनी परेकी दुब्ली पातली मायालाग्दी केटी पनि विरोधसँगै भित्र छिर्नुभयो ।

म इलाममा २०३६ साल साउन १ गतेबाट सरकारी जागिर सुरु गरेकै दिनदेखि तत्कालीन माले पार्टीको सम्पर्कमा पुगेको हुनाले इलामको धोबीधारास्थित सुवेदीको घरमा डेरा बस्दादेखि नै मेरो डेरा तत्कालीन मालेका भूमिगत कमरेडहरूले आश्रय लिने आश्रयस्थल थियो । म झापामा सरुवा भएर आएपछि पनि मेरो घर कमरेडहरूको आश्रयस्थल नै थियो ।

मेरो मनमा धेरै जिज्ञासा उठे । यी नानी यति कलिलो उमेरमा नै कसरी भूमिगत भइन् होला ? यस्तो कठिन जीवन यिनले किन रोजिकी होलिन् ? हुनेखाने परिवारको जस्तो लाग्ने ।

तर मैले उहाँको बारेमा सोधपुछ गर्न मिल्दैन थियो । खोजीनिती गर्ने कुरा कमिटीको सिद्धान्त विपरित थियो ।

विरोधले ती सुकुमारी गोरी केटीको परिचय गराउनु भयो ।

“वहाँ कमरेड मधु । अबदेखि वहाँ यस क्षेत्रको इन्चार्ज । अबदेखि वहाँ नै पार्टीको आधिकारिक मानिस हो ।”

त्यसपछि उहाँ सात दिन, दसपन्ध्र दिनमा पार्टीको सन्देश या कार्यक्रम लिएर मेरो घरमा आउनु हुन्थ्यो ।

खाना एकदम थोरै खाने । दुब्ली, पातली । एकदिन त पेट दुखेर सार्है हुनुभयो । खाना खान मान्नुभएन । मैले साइकलमा झिल्झिलेसम्म गएर नुडल्स किनेर ल्याएँ । त्यसको थुक्पा बनाएर खान दिएको त्यो पनि धेरै खान सक्नुभएन । उहाँको जुठो भए पनि विरोध कमरेडले खाइदिनुभयो ।

त्यो समयमा पार्टीको साथी भनेपछि हामी ज्यान दिन पनि तयार हुनेको लागि जुठो ठुलो कुरा भएन ।

आफ्नो परिवार नाताभन्दा धेरै माया भूमिगत कमरेडलाई गरिन्थ्यो । पार्टीको साथीलाई गरिन्थ्यो ।

हाम्रो परिवारमा छोराछोरी सबैले मधु दिदी भनेर उहाँलाई चिन्थे र अहिले पनि मधु दिदी भनेर नै चिन्छन् । कमरेड मधु अर्थात् पवित्रा निरौला ।

२०४६ सालमा पञ्चायतको अन्त्यपछि मात्र हामीले उहाँको नामथर र ठेगाना थाहा पायौँ ।

निम्नमध्यम वर्गीय किसान परिवारमा खड्गमाया निरौलाको कोखबाट जन्मनुभएकी पवित्रा निरौलाका पिताको नाम छविलाल निरौला हो ।

छविलाल निरौलाका तीन पत्नीमध्ये जेठी पत्नीकी जेठी सन्तान पवित्रा निरौलाका आफ्नी आमातर्फ तीन छोरी र एक भाइ छोरा छन् । पिताको देहान्त भइसकेको छ । आमा हुनुहुन्छ ।

हिमालय मा.वि दमकबाट एसएलसी पास गर्नुभएकी सानै उमेरदेखि जिज्ञासु र साहसी स्वभावकी पवित्रा निरौलालाई पनि २०३५/०३६ सालको विद्यार्थी आन्दोलनले प्रभाव नपार्ने कुरै भएन ।

त्यसबेला पाकिस्तानी प्रधानमन्त्री जुल्फिकर अलि भुट्टोलाई दिएको मृत्यु दण्डको सजाय विरुद्ध देशभरि चलेको विद्यार्थि आन्दोलनले बहुदलीय व्यवस्थाको माग गरेपछि राजा वीरेन्द्रलाई बहुदल कि निर्दल ? भनेर जनमत सङ्ग्रह गराउन बाध्य बनायो ।

२०३५ सालदेखि राजनीतिमा सङ्लग्न हुनुभएकी पवित्रा निरौलाले दमक मल्टिपल कलेजबाट आइकम सम्मको शिक्षा लिनुभयो।

पवित्रा निरौला खरेलको पारिवारिक स्थिति दुःख गर्दा खान लाउन पुग्ने सामान्य अवस्थाको थियो । परिवारमा बहिनी सिर्जना विद्यार्थी राजनीतिमा सङ्लग्न भएको एउटा भाइ पनि राजनीतिमा समर्थन रहेको र बिस्तारै आमाहरू पनि सकारात्मक हुनुभएको हो । घर नै सेल्टर दाता भएपछि उहाँको घर नै क्रान्तिकारी राजनीतिको पक्षमा थियो ।

यति हुँदाहुँदै पनि आफ्नी कलिलो उमेरकी छोरी घर छोडेर कठिन भूमिगत काममा हिँड्दा कुन आमाको मन नरुँदो हो । छोरीको जीवनले भरिएको थियो जुनसुकै बेला जे पनि हुनसक्थ्यो ।

छोरीलाई सम्झेर रोइरहेकी आमालाई पवित्रा निरौला सम्झाउनु हुन्थ्यो "आमा! तपाईंकी छोरीजस्तै अरु धेरै छोरीहरू घर छोडेर देश र जनताको लागि हिँडेका छन् । उनीहरूलाई हेरेर मन बुझाउनुहोला ।"

त्यसबेला आमालाई सम्झँदै उहाँले लेखेको गीतको एक टुक्रा यस्तो छ :

कतिले भन्लान् त्यो तिम्रो छोरी मुटुको किला हो
कतिले भन्लान् जनताको माझमा फक्रिने फूल हो
हत्यारो सरकार जनताको दुस्मन मुटु नै थर्काउला
घरको माया आमाको माया सम्झेर फर्कौंला
शत्रुको जरालाई पर्दाफास गर्दै लालझण्डा गाड्ने छौँ
जनताकै शासन जनताकै आसन ल्याइएर छाड्ने छौँ ।

यस्तो क्रान्तिकारी दृढ विचार बोकेर हिडेकी पवित्रा निरौला २०४७ सालको राजनीतिक परिवर्तनपछि मात्र घर फर्किनु भयो ।

नेपाली आन्दोलनको इतिहासमा २०३७ सालको झापाको किसान आन्दोलन पनि अविस्मरणीय छ । त्यसताका झापाका हरेक किसानले नगदेबालीको रूपमा पाटा खेती गर्थे । पाटा खेती गर्न सजिलो थिएन, अत्यन्त कठिन कामपछि मात्र पाटा बजारमा लान लायक हुन्थ्यो ।

दसैँ, तिहार जस्ता महत्वपूर्ण चाडको मुखमा पाटा बजारमा लगेर बेच्दा किसानले दसैँ, तिहार र अरु महत्वपूर्ण खाँचो टर्ने गर्थ्यो ।

त्यो वर्ष चालिस केजी पाटा (एक मन) को मूल्य र एक केजी चिनीको मूल्य बजारमा १५ रूपैयाँ मात्र थियो अर्थात् एक मन पाटा बेच्दा एक केजी चिनी आउँथ्यो । त्यो पनि पाटाका काँटावालहरूले सबैको पैसा एकैचोटि भुक्तानी नदिने । आफ्नो पाटाको पैसा भुक्तानी लिन काँटावालको चाकडी गर्नुपर्ने, अहिलेका उँखु किसानको हालतजस्तै थियो पाटा किसानको अवस्था । यस्तो भएपछि किसानहरूको आन्दोलन स्वतःस्फुर्त रूपमा सुरुभयो । बिस्तारै यो आन्दोलनले उग्र रूप लियो । पाटाका गोदामहरू जलाइए ।

पवित्रा निरौला पनि आन्दोलनबाट प्रभावित भएर नारा, जुलुस प्रदर्शनमा सहभागी हुनुभयो । जनताले पुलिसचौकी घेरेपछि आन्दोलनले थप उग्ररूप लियो । केही समयपछि पुलिसले अश्रुग्यास प्रहार गरेपछि भिड भागाभाग भयो । पुलिसले लखेटेपछि भिडसँगै रतुवा खोलातिर सकीनसकी भागेको कुरा उहाँले अहिलेसम्म बिर्सनु भएको छैन । यसरी उहाँ जनताको आन्दोलनमा जोडिनुभयो ।

२०३८ सालमा अनेरास्ववियुको राष्ट्रिय सम्मेलन प्रतिनिधि छानिनु भएपछि प्रत्यक्ष उहाँ राजनीतिमा होमिनुभयो ।

तर त्यो समयमा महिलाले सक्रिय राजनीतिक कार्यकर्ता भएर काम गर्नु सजिलो थिएन । तैपनि आफ्नो घरमा आश्रय लिन आइरहने शोभा कुँवर, अष्टलक्ष्मी शाक्य, सिता पाठकको प्रेरणा र उत्साहबाट उहाँको सक्रिय राजनीतिक जीवन सुरु भयो ।

मानिसभित्र स्वतन्त्रताको भोक जागेपछि दुनियाँको कुनै ताकतले रोक्न सक्तैन ।

अठार वर्षको कलिलो उमेरमा २०३८ सालमा नै उहाँ नेकपा मालेको अखिल नेपाल महिला संघ झापा जिल्ला तयारी समिति सदस्य छानिनु भयो ।

यसरी नै २०४२ सालमा नेकपा माले झापा जिल्ला द्नं इलाका कमिटी सदस्यको जिम्मेवारी निर्वाह गर्नुभयो ।

२०४४ सालमा मेघालयबाट लखेटिएका नेपालीहरूको समर्थनमा नेकपा मालेले झापाको सुरुङ्गामा विरोध सभाको आयोजना गर्यो । त्यसमा झापा भरिका विद्यार्थी, बुद्धिजीवी र किसान सहभागी भए ।

उहाँ पनि सो सभामा जानु भएको थियो । ठुलो जनसहभागिता देखेर तत्कालीन प्रशासक भगवानसिंह डरायो । चारैतिर सयौँ हतियार धारी पुलिस जम्मा भए । तर आन्दोलनकारी डराएनन् । पुलिससँग भिडन्त सुरु भयो । आन्दोलनकारीहरू त्यसबेला पुलिसलाई खैरे भन्थे ।

पुलिसले आन्दोलनकारीलाई लखेट्ने र आन्दोलनकारीले ढुङ्गा हान्ने चलिरहेको थियो। यस्तैमा पुलिसले गोली फायर गर्न थाल्यो । पुलिसको गोलीबाट एकजना विद्यार्थी लक्ष्मी पाण्डेको झापाको कन्काई नदीको किनारमा हत्या भयो । त्यो दृश्य पवित्राले नजिकैबाट देख्नुभएको थियो ।

यो पङ्क्तिको लेखक पनि त्यो विरोध सभामा सहभागी थियो । लक्ष्मी पाण्डेको लाश बालुवामा घिसार्दै लगेको यो पङ्क्तिकारले पनि देखेको हो ।

त्यही घटनामा आधारित सहिदकी आमा सिर्सको कथा पनि सिर्जना भएको छ ।

२०४० मा चौहत्तरौँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सम्भव भएसम्म झापा जिल्लाको विभिन्न स्थानमा मनाउने निर्णय गरियो । सोही निर्णय अनुसार दमकको टुकुरे डाँडामा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन स्टेज निर्माण गरेर झण्डा, ब्यानर माइक राखेर प्रगतिशील गीत समेत घन्काएर कार्यक्रम चलिरहेको थियो । यसै अवस्थामा प्रहरीले आक्रमण गऱ्यो । स्टेज तोडफोडको साथै महिला साथीहरूलाई निर्ममतापूर्वक कुटपिट गऱ्यो । पवित्रा निरौला नै अगुवा हो भन्ने बुझेर उहाँको टाउकोमा बाँसको डण्डीले हिर्काउँदा उहाँ टाउको फुट्यो । रगतको धारा बग्यो । उहाँको टाउकोमा चार टाका लाउनु पारेको थियो ।

पुलिसले दुईजना पुरुष साथीहरूलाई गिरफ्तार गरेपछि महिलाहरूले प्रतिकार गर्दै भने, “यो महिलाको कार्यक्रम हो, यसमा पुरूषको कुनै भूमिका छैन । उहाँहरूलाई किनसमाउने ।”

त्यसपछि सीता उप्रेतीलाई पनि गिरफ्तार गऱ्यो ।

पुलिसको यो आक्रमणमा पवित्रा निरौला जसोतसो गिरफ्तारीबाट बच्न सफल हुनुभए पनि उहाँलाई प्रशासनले खोजिरहेको थियो ।

आठ मार्चको समिक्षा बैठक बसिरहेको अवस्थामा २०४० साल फागुन २६ गते पवित्रा निरौला गिरफ्तारीमा पर्नुभयो ।

**जेल जीवन**

पार्टीमाथि प्रतिबन्ध भएको पञ्चायती शासनमा कम्युनिस्ट क्रान्तिकारी भएर एउटी महिलालाई बाँच्न कति कठिन थियो होला ?

२०४० फागुन २७ गते उहाँलाई गिरफ्तार गरेर चन्द्रगढीको पुलिस हिरासतमा राखियो । २६ दिनसम्म नानाथरी लाञ्छना लाउँदै बयान लिइयो । छब्बिस दिन हिरासतमा भोगेको त्यो कस्टकर जीवनको बयान गरेर साध्य छैन । नुहाउन, धुन त परै जावोस्, कपाल कोर्ने काइयोसम्म थिएन ।

खुट्टा राम्रोसँग पसार्न पनि नमिल्ने साँघुरो कोठामा तीनजना महिला बन्दीलाई राखियो ।

विष्णु खड्का, लिला कट्टेल र पवित्रा निरौलाले त्यही साँघुरो कोठामा सुत्ने, पिसाब फेर्ने गर्नु पर्थ्यो । महिनावारी भएका रगताम्मे कपडा पोको पारेर २६ दिन हिरासतमा बिताउँदा पुलिसले बोल्ने मनपरी छाडा शब्द सुनेर मानसिक यातना झेल्नु एउटी महिलाको लागि कति कठिन थियो होला ?

२०४० साल चैत २३ गते राजकाज अपराध मुद्दा लाएर जेल चलान गरियो । पञ्चायतीकालको जेलजीवनको अवस्था बडो दयनीय थियो । चर्पी थिएन । भाँडामा दिसा गरेर फ्याँक्नु पर्थ्यो । राजबन्दीलाई राजबन्दीको

मान्यता थिएन। ख श्रेणीको सिदा पाइन्थ्यो। त्यो पनि ढुङ्गा बालुवा मिसिएको।

स्वास्थ्य उपचारको कुनै व्यवस्था थिएन। खानपिनको ब्यवस्था राम्रो नभएपछि पवित्रालाई ग्यास्टिकले भेट्यो। उपचार गराउन लाने कुरा पनि जेलरले स्वीकार गरेनन्। जसोतसो गरेर बाहिरका जिम्मेवार साथीहरूलाई खबर पठाएपछि दाइहरू इन्द्र बुढाथोकी, दिपक कार्की, द्रोणाचार्य क्षेत्री लगायतका नेताहरूको दबावपछि मात्र उहाँलाई चारजना पुलिस साथलाएर मेची अञ्चल अस्पताल लगियो।

जेल सञ्चालन गर्ने जेलर र अरु कर्मचारीको राजबन्दीलाई हेर्ने दृष्टिकोण पटक्कै राम्रो थिएन। सधैं झगडा मात्र भइरहने। २०४२ सालमा जेलबाट रिहा गरियो।

## भूमिगत जीवन

जेलबाट छुटेपछि २०४२ सालदेखि २०४६ सालसम्म कठोर भूमिगत जीवनमा रहेर पवित्राले इलाम र झापाका ग्रामीण भेगहरूमा पार्टीको काम गर्नुभयो। भूमिगत जीवन सजिलो थिएन। दिउँसोभरि कुनै घरमा बसेर रात परेपछि पुलिस प्रशासनको आँखा छलेर अर्को सेल्टरमा पुग्नुपर्थ्यो।

पञ्चायती शासनमा जनतालाई सङ्गठित हुने अधिकार थिएन। जनतालाई कहिले वनभोजको निहुँले जङ्गलतिर भेला गरेर राजनीतिक प्रशिक्षण दिनुपर्थ्यो। वनभोजको नाममा पवित्राले झापा र इलामका धेरै गाउँ टोलहरूमा गएर कहिले गीत गाएर, कहिले कविता भनेर, कहिले भाषण गरेर त कहिले एकल सडक नाटक प्रदर्शन गरेर पञ्चायती व्यवस्था विरुध्द जनतालाई जागृत गराउँदै हिँड्नुभयो।

इलाममा अप्ठ्यारो डाँडाकाँडा, भिरालो बाटो, रातिराति हिँड्नुपर्ने हुँदा एक दिन भिरबाट लडेर खुट्टा नै मर्कियो। खुट्टा मर्किए पनि अस्पताल

जान मिल्दैन थियो। घरेलु उपचार गरेर निको हुन एक महिना लग्यो। दिसापिसाब एकै ठाउँ भएर बस्नु पर्यो।

झापामा भूमिगत काम गर्ने सिलसिलामामा २०४४ साल फागुन दुई र तीन गते तत्कालीन माले पार्टी केन्द्रीय कमिटीको दोस्रो विस्तारित कमरेड देवी रेग्मीको घर धरमपुरमा सम्पन्न गर्न पवित्रा निरौलाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो।

२०४५ साल असार एकतिस गते कमरेड देवि रेग्मीको घरमा बैठक भइरहेको थियो। सो बैठकमा विश्व बराल, पवित्रा निरौला, होम दङ्गाल, देवी रेग्मी र उहाँका छोराहरू उपस्थित थिए। सोही बेलमा प्रशासनले सुइँको पाएर अचानक पुलिसहरूले घेरा हालेर बैठक स्थलमा प्रवेश गरेर सबैलाई गिरफ्तार गरे। पुलिस आएको सङ्केत पाउनासाथ पवित्रा निरौलाले महत्वपूर्ण पार्टी सामग्रीहरू बोराले छोपेर राख्नुभयो। भूमिगत कमरेडहरूसँग सीमित लुगा हुन्थे। पवित्रा निरौलाले पनि त्यस दिन आफ्नो लुगा धोएर देवी रेग्मीकी कान्छी छोरीको लुगा फ्रक र टिसर्ट लगाएर बस्नु भएको अवस्थामा पुलिस आक्रमण भएपछि हत्तपत्त सुत्न जानु भएछ। पुलिसले उहाँलाई पनि उठाएर लान खोजेपछि देवी रेग्मीले मेरी कान्छी छोरी भनेर बचाउनु भए पनि पवित्रा निरौलाको परिचय भएको ब्याग पुलिसले लगेछ। त्यसपछि उहाँलाई पुलिस सख्त खोजीको सूचीमा हुनुहुन्थ्यो। उहाँको भूमिगत जीवन झन् कठिन र खतरापूर्ण रह्यो।

बाँकी सबैलाई गिरफ्तार गरेर लाग्यो। सेल्टरमा पनि पुरुषले मात्र राजनीति बुझ्केको र महिलाले नबुझ्केको कारण महिला राजनीतिकर्मीले अनेक लान्छना र दुर्व्यवहार भोग्नुपर्थ्यो।

दिनभरि घाम देख्न नपाइने, आराम गर्न नपाइने, राम्रो खान नपाइने भएका कारण शरीर दुब्लोपातलो र पहेंलो भएको थियो। त्यस्तो अवस्थामा देखेर

गाउँका महिलाको मुखबाट पेट फ्याँकेकी, अनैतिक सम्बन्ध रहेको जस्ता कुरा सुन्नु बाध्य हुनु पर्थ्यो ।

पुरुष साथीहरूसँग एउटै कोठामा बसेर छलफल गर्नुपर्ने कारण विभिन्न कुराहरू सुन्नु पर्थ्यो । बुढापाकाहरू धेरैजसो राजावादी भएकोले उनीहरूबाट सहयोग लिन मुस्किल थियो ।

त्यसबेला पुलिस प्रशासनबाट जोगाएर आफ्नो छोराछोरी जस्तै माया दिने सेल्टर दाताहरूलाई बिर्सन सकिँदैन ।

**झापाका महिला सेल्टर दाता :**

कमला घिमिरे, गौरी केसी, छायाँदेवी चापागाईं, इन्दिरा चापागाईं, कृष्णमाया भण्डारी, खेमकुमारी काफ्ले, हरिमाया बराल, सीता आचार्य, नरमाया आचार्य, खड्गमाया निरौला, तिर्था श्रेष्ठ, रत्ना श्रेष्ठ, सीता घिमिरे, सुशीला लामिछाने, लक्ष्मी राई, हिरा धिमाल, गोमा खनाल, नरमाया कार्की, कौशिला भण्डारी, बिमला दाहाल, बछला खनाल, इन्दिरा खनाल, इन्द्रा गुरुङ, तिलमाया राई, उर्मिला भण्डारी, तारा काफ्ले लगायतका धेरै धेरै र सयौँ घरमा पवित्रा निरौलाले आश्रय लिनुभयो । सबैको नाम लेख्न नसकेकोमा क्षमा चाहन्छु ।

पवित्रा निरौलाका समकालीन महिला नेतृहरू मेनुका काफ्ले, विष्णु खड्का र लिला कट्टेल, सीता सिलवाल, धर्मकला चुडाल, टिका घिमिरे, धर्मकला, पौडेल बिमला दाहाल, यमुना खरेल हुनुहुन्छ ।

## २०४६ सालपछिको राजनीतिक जीवन :

खुला राजनीतिमा आएपछि पनि निकै ठूला कठिनाइहरू आइरहे । २०४७ मङसिर २५ गते कमरेड नरेश खरेलसँग जोडी बाँधियो । उहाँ पनि सत्र वर्षसम्म जेलमा बसेर भर्खर मात्र खुला आकाशमा आउनु भएको थियो ।

पहिला भूमिगत कालमा शारिरीक दुख भए पनि व्यावहारिक समस्या थिएन । जनताले जे दिन्छन्, त्यसैमा निर्वाह भएको थियो । कमरेड नरेश खरेल पनि जेलभित्र जे उपलब्ध हुन्थ्यो, त्यसैबाट जीवन गुजारा भएको थियो ।

अहिले उहाँहरूका दुई छोरी दिक्षा खरेल र रक्षा खरेल हुनुहुन्छ ।

अब खुला जीवन र स्वतन्त्रता त थियो, तर आर्थिक कठिनाइ धेरै थियो । विवाहपछि पनि घर तर्फबाट कुनै सहयोग भएन । दुवैजना राजनीतिकर्मी भएपछि सम्पत्ति किन चाहियो भन्ने सम्मको कुरा भएपछि छुट्टै डेरा गरेर बस्नुपर्ने भयो । डेरामा बसे पनि डेरा भाडासम्म तिर्ने अवस्था थिएन । यहाँसम्म कि सुत्केरी हुँदा खाने कुराकै अभाव भएपछि आर के मैनाली, सूर्य उप्रेतीले त्यसबेला सहयोग गर्नुभयो ।

त्यसपछि पनि निरन्तर आर्थिक सङ्कट झेलिरहनु पऱ्यो । जनताबाट सित्तैँमा सियो र धागो पनि नलिनु भन्ने स्कुलिङबाट आएका उहाँहरूलाई जीवन धान्न कठिन भयो ।

यस्तै बेलामा झापाका व्यवसायी गङ्गा ओलीले पवित्रालाई पन्ध्र सयको जागिर लगाइदिनुभयो र अलिकति राहत भयो ।

संसदीय व्यवस्थामा आएपछि आर्थिक स्थिति कमजोर भएपछि टिकट पाए पनि चुनाव लड्न नसकिने रहेछ । धेरैजना महिला तथा पुरुष साथीहरूले चुनाव लड्नै चाहनु भएन । पवित्रा खरेल निरौला तथा नरेश खरेलले पनि आफ्नो पद प्रतिष्ठाको फाइदा उठाएर आर्थिक आर्जन गर्न चाहनु भएन ।

उहाँ भन्नुहुन्छ, 'राजनीतिमा प्रवेश गर्दा कुनै महत्वकाङ्क्षाले प्रवेश गरिएको थिएन । राजनीतिक सामाजिक परिबर्तन गरेर एउटा सुन्दर समाज निर्माण

गर्ने उद्देश्यले राजनीतिमा लागियो । तत्कालीन पञ्चायती व्यवस्था अन्त्य गरेर समतामूलक समाजको निर्माण नै मुख्य उद्देश्य थियो ।

अहिले आफुले चाहे जस्तो परिबर्तन नभए पनि जनताको राजनीतिक अधिकारहरू स्थापित भएका छन् र नेपाली समाज रूपान्तरणको प्रक्रियाबाट गुज्रिरहेको छ। जनताको आर्थिक अधिकार पनि स्थापित हुनेछ भन्ने आशा गर्न सकिन्छ ।

अहिले सङ्घीय गणतन्त्र स्थापना भएको अवस्थामा सङघीयता सम्बन्धि कार्य अधुरो रहेको र राजावादी दक्षिण पन्थीहरूले सङ्घीयता विरुद्ध फैलाएको भ्रमले पनि जनतामा निराशा देखिको छ। यो पनि केही समयपछि निराकरण हुनेछ ।

मुख्य रूपमा पुँजीवादी तथा दक्षिणपन्थी र परिवर्तनकारी शक्ति वामपन्थी र समाजवादी शक्ति बिचको अन्तरद्वन्द्वले पनि समाजवादी बाटो तर्फको यात्रा सहज भएको छैन । तर पनि हाम्रो समाजवाद तर्फको यात्रा निरन्तर जारी रहनेछ ।

**वैदेशिक भ्रमण**

२०७४ सालमा झपा क्षेत्र नम्बर दुईबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि देशको प्रतिनिधित्व गर्दै विभिन्न समयमा अनेक देशको भ्रमण गर्नुभयो ।

१) चीन भ्रमण - चिनियाँ युथ सङ्घको निमन्त्रणामा युवराज ज्ञावालीको नेतृत्वमा ।
२) भियतनाम भ्रमण - विश्व बौद्ध सम्मेलनमा भियतनाम सरकारको निमन्त्रणामा
३) कम्बोडिया भ्रमण - विकास निर्माण अवलोकन र दुई देशबिच व्यापार सन्धिको लागि कम्बोडिया सरकारको निमन्त्रणमा

४) चीन भ्रमण - चीनको सहरी विकास अवलोकन र पर्यटन विकासको लागि चिनियाँ विदेश मन्त्रालयलको निमन्त्रणामा ।

**छुटेका केही विवरण**

- २०४३ सालमा नेकपा माले झापा जिल्ला कमिटी सदस्य
- २०४४ सालमा अनेमसंघको झापा जिल्ला अध्यक्ष
- २०४५ सालमा अनेमसंघ केन्द्रीय सदस्य
- २०४५ सालमा इलाम जिल्ला कार्यक्षेत्र
- २०४८ सालमा झपा जिल्ला कार्यक्षेत्र
- २०५४ सालमा नेकपा एमाले राष्ट्रिय परिषद सदस्य
- २०५४ पार्टी विभाजनपछि नेकपा मालेमा सक्रिय
- २०६२ सालमा मेची अञ्चल कमिटी सदस्य
- २०६६ सालमा झापा जिल्ला कमिटी सचिव
- २०६८ सालमा राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य
- २०७० सालमा सविधान सभा सदस्य पराजित
- २०७४ सालमा झापा क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य
- २०७५ सालमा संसदीय समिति अन्तराष्ट्रिय सम्बन्ध समिति सभापति
- २०७८ नेकपा एमाले दसौँ राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय निर्बाचन आयोग सदस्य

पवित्रा निरौला खरेल एउटा कठिन सङ्घर्षको आरनमा पाकेको फलाम जस्तै हो । बिस वर्षको उमेरदेखि निरन्तर नथाकी राजनीतिक परिवर्तन, सामाजिक परिवर्तन र आर्थिक परिवर्तन लडाइमा लागिरहेको योद्धा हो भनेर हामीले बुझ्नुपर्ने हुन्छ । यो छोटो लेखमा उहाँको लामो सङ्घर्षशील जीवनकथा सबै अटाउन सम्भव छैन ।

●